स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक।

बागमती प्रदेश, नेपाल

पत्र संः २०८०/८१

चलानी नंः

**आवेदन/ प्रस्ताव आव्हान सम्बन्धि सूचना**

सूचना प्रकाशित मितिः २०८१/०२/१३ गते

हेलम्बु गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% लागत साझेदारीमा एभोकाडो र स्याउको विरुवा वितरण कार्यक्रम शीर्षकबाट **वर्षे फलफूलको विरुवा वितरण कार्यक्रम** सञ्चालन हुने भएको हुँदा यस पालिकाभित्रका ईच्छुक कृषक, कृषि फर्म, कृषक समूह, सहकारीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१/०२/२७ गते) कार्यालय समय भित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी हेलम्बु गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १. | ५०% लागत साझेदारीमा वर्षे फलफूलको विरुवाहरु (**एभोकाडो, कागती, सुन्तला, जुनार, अमला, स्ट्रबेरी, अम्बा आदि**) वितरण कार्यक्रम। | कार्यक्रम कार्यविधि बमोजिम संचालन गरिनेछ। |

**आवश्यक कागजातहरुः**

- कार्यक्रम मागको निवेदन,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- आवेदक व्यक्तिको नागरिकताको प्रतिलिपि,
- जग्गाको तिरो तिरेको रसिद,
- प्रतिबद्धता पत्र,
- खेती गरिने जग्गाको लालपुर्जा वा करार सम्झौताको प्रतिलिपि,
- अनिवार्य रुपमा माटो परीक्षण गरेको स्वस्थता प्रमाणपत्रको प्रतिलिपि,
- आवेदक संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र पछिल्लो आ.व.को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,
- समूह र सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि।

.............................

राजकुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

(थप जानकारीको लागि सम्पर्कः ९८४१९६७२००, ९८६०१६८१२०, ९८४३५३७८५०)